आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेड
निर्वाचन उपसमितिको कार्यालय
बालुवाटार, काठमाडौंको

# निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

यस आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लि. को ३५औं वार्षिक साधारण सभा मिति २०८३।०६।२४ गते शनिबारका दिन आयोजना गरिने र उक्त साधारण सभामा संस्थाको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचन समेत हुने भएकाले निर्वाचन सम्बन्धी बाँकी कार्यक्रम देहायबमोजिम सञ्चालन हुने व्यहोरा सम्पुर्ण सदस्यज्युहरूलाई जानकारी गराइन्छ ।

<u>निर्वाचन कार्यक्रम</u>

| कार्यक्रम | मिति | समय |
|---|---|---|
| उमेद्वार दर्ता | २०८३।०६।१६ | विहान १०:०० देखि दिउँसो २:०० सम्म |
| उमेद्वारको नामावली प्रकाशन | २०८३।०६।१६ | दिनको ३:०० बजे |
| दावी विरोध र उमेद्वारी नाम फिर्ता | २०८३।०६।१६ | दिनको ३:३० बजे देखि ४:३० बजेसम्म |
| दावी विरोध उपर छानविन र उमेद्वारीहरुको अन्तिम नामावली प्रकाशन | २०८३।०६।१९ | बिहान १०:३० बजे |
| उमेद्वारको प्रचार प्रसार कार्यक्रम | २०८३।०६।२४ | साधारण सभा सुरु हुनु भन्दा अगाडीसम्म |
| मतदान कार्यक्रम | २०८३।०६।२४ | उद्घाटन सत्र पछाडी |
| मतगणना, निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण | २०८३।०६।२४ | पछि तोकिने |
| कार्यक्रम समापन | | |

नोटः निर्वाचन सम्बन्धी उपरोक्त कार्यहरु संस्थाको कार्यालय बालुवाटारमा हुनेछ । साथै, उमेद्वारको मनोनयनको अवस्थालाई हेरी **मतदानको समय कार्यतालिका पछि प्रकाशित गरिने छ ।**

साथै, उमेद्वारी दिने सदस्यले देहायको शर्त पुरा गरेको हुनु पर्ने र यी शर्त पुरा नगरेको अवस्थामा उमेद्वारी रद्द गरिने समेत जानकारी गराइन्छ ।

क) संस्थालाई बुझाउनु पर्ने रकम बक्यौता नरहेको । संस्थाको सदस्य मध्येबाट कम्तिमा १ जना समर्थक र १ जना प्रस्तावक राखेको हुनु पर्ने । उमेद्वारी शुल्क बापत रु.५००।- (फिर्ता नहुने गरी) तोकिएको छ ।

ख) सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष एवं लेखा सुपरीवेक्षण समितिको संयोजकको लागि एकै व्यक्ति एक पदमा एकभन्दा बढी उमेद्वारको प्रस्तावक र समर्थक हुन सक्ने छैनन् । यस्तो भएमा दर्ताक्रम अनुसार पहिलोलाई मान्यता दिई अन्य मनोनयन रद्द गरिने छ । तर संचालक समिति सदस्यको हकमा भने एकै व्यक्ति ३ जनासम्मको र लेखा सुपरीवेक्षण समितिको सदस्यमा भने २ जना सम्मको प्रस्तावक वा समर्थक हुन सक्नेछन् ।

ग) उमेद्वार, प्रस्तावक तथा समर्थकले संस्थाबाट कर्जा लिएको भए निजको कर्जा रकम संस्थामा रहेको निजको बचत रकमको ५ गुणाभन्दा बढी भएमा उमेद्वारी, प्रस्तावक वा समर्थकका रूपमा योग्य नहुने ।

घ) उमेद्वारले आफु स्वयं उपस्थित भई उमेद्वारी दर्ता गर्नु पर्नेछ र उमेद्वारी फिर्ता गर्न पनि आफैं उपस्थित हुनु पर्नेछ । तर उमेद्वारले आफु स्वयं उपस्थित हुन नसक्ने आधिकारिक कागजात भए मात्र निजले वारेसनामा दिई उमेद्वारी दर्ता गर्न र उमेद्वारी फिर्ता गर्न सक्नेछ ।

ङ) निर्वाचनको लागि आवश्यक जनशक्ति निर्वाचन उपसमितिले छनौट गर्ने छ ।

च) दावी विरोध तथा निर्वाचन प्रकृया सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा निर्वाचन उपसमितिको निर्णय नै अन्तिम हुनेछ ।

<u>देहायका पदहरुको निर्वाचन उपरोक्त तालिका बमोजिम हुनेछ ।</u>

<u>सञ्चालक समितिः</u>

| | |
|---|---|
| अध्यक्ष | एक जना |
| उपाध्यक्ष | एक जना |
| सचिव | एक जनां |
| कोषाध्यक्ष | एक जना |
| सदस्य | तीन जना |

<u>लेखा सुपरीवेक्षण समिति</u>

संयोजक एक जना
सदस्य दुई जना

भवदीय,
(सत्येन्द्र मणि त्रिपाठी)
निर्वाचन अधिकृत

मिति : २०८३।०६।१३